स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक

कुनै बेला 'नम्बर वान नायक'को पोजिसनमा लामो समय टिकेका आर्यन सिग्देल यतिबेला एउटा हिट फिल्मका लागि भौंतारिरहेका छन् । विगत ५/६ वर्षयता उनले हिट फिल्म देख्न पाएका छैनन् । करिअरको उत्कर्षमा रहँदा गुणस्तरीयभन्दा गुणात्मक फिल्ममा जोड दिनुको परिणाम अहिले उनले भोग्नुपर्ने विश्लेषण हुने गरेको छ । यद्यपि, उनीप्रति मेकरहरुको आकर्षण खासै घटेको छैन । तर, कुनै समय कारबी च्यापेर हिँडेका मेकरहरु उनको विकल्प खोज्न थालेको देखिन्छ ।

आजको विचार...

श्रीमननारायण

भ्रष्टाचारप्रतिको...
(दुई पेजमा)

गायक प्रकाश सपुतले संगीत सिर्जनामार्फत आफूले समाजका घाउ निचोर्ने प्रयास गरेको बताएका छन् । हिमालय टिभीबाट प्रसारण हुने कार्यक्रम 'अँध्यारोबाट उज्यालोतिर'मा अन्तर्वार्ता दिंदै उनले आफ्ना कतिपय सिर्जनामा समाजमा यो चाहिं नभईदिए हुन्थ्यो भन्ने आग्रह हुने र कुनैमा समाज यस्तो छ भनेर देखाउने प्रयास गर्ने बताए । प्रकाशले नेपाली समाज आफैंमा 'कन्फ्युज' लाग्ने समेत उनको धारणा छ । उनले आफू पनि त्यस्तै अस्पष्टतामा हुर्के-बढेको हुँदा आफ्ना गीत र सिर्जनामा पनि त्यस्तै प्रतिविम्बित भएको हुन सक्ने बताए ।

❑ वर्ष २९ ❑ अंक २७ ❑ २०८० साउन २७ गते शनिबार 12 August 2023, Saturday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

सक्षिप्त समाचार

डेंगीबाट बालिकाको मृत्यु

पाल्पा, साउन २६/डेंगी संक्रमणबाट पाल्पामा एक बालिकाको मृत्यु भएको छ । तानसनेनस्थित युनाइट मिसन अस्पतालमा उपचाररत वालिङ नगरपालिका-११, आमडाँडाकी ११ महिनाकी बालिकाको संक्रमण डेंगी संक्रमणबाट मृत्यु भएको हो । उनको बिहीबार मृत्यु भएको स्वास्थ्य कार्यालयले जनाएको छ । केही दिन अघि पनि डेंगी संक्रमणबाट पाल्पामा एक महिलाको मृत्यु भएको थियो । तानसेन नगरपालिका-६, बर्तुङकी ६९ वर्षीया महिलाको डेंगीबाट मृत्यु भएको हो । उनको पनि मिसन अस्पतालमा उपचारका क्रममा मृत्यु भएको थियो ।

आज अन्तर्राष्ट्रिय युवा दिवस मनाइँदै

पाल्पा, साउन २६/ आज नेपालसहित विश्वभर 'अन्तर्राष्ट्रिय युवा दिवस' मनाइँदै छ । देशभर युवासँग सम्बन्धित विभिन्न गैरसरकारी संघसंस्थाले कार्यक्रम गरी दिवस मनाउन लागेका हुन् । युवाका सवाललाई सम्बोधन गर्ने हेतुले संयुक्त राष्ट्रसंघले सन् १९९९ देखि हरेक वर्षको अगस्ट १२ लाई अन्तर्राष्ट्रिय युवा दिवसका रूपमा मनाउने निर्णय गरेसँगै सन् २००० देखि नियमितरूपमा विश्वभर युवा दिवसमा विविध कार्यक्रम हुँदै आएका छन् । नेपालमा भने युवासँग काम गर्ने संघसंस्थाको अगुवाइमा पहिलो पटक सन् २००४ देखि दिवस मनाउन थालिएको हो ।

बन्धक बन्यो संसद्, अझै हटेन अवरोध

हाम्रा संवाददाता

पाल्पा, साउन २६/लगातार बैठक चल्न नदिएको प्रमुख प्रतिपक्षी एमालेले शुक्रबार पनि संघीय संसद्का दुवै सदनका बैठक अवरोध गऱ्यो । एक क्विन्टल सुन तस्करीको छानविन गर्नका लागि उच्चस्तरीय समिति गठनको माग गर्दै आएको एमालेले संसद् बैठक अवरुद्ध गर्दै आएको छ । एमालेको अवरोधपछि बैठक स्थगित गरिएको छ ।

सरकारसँग जवाफ माग्ने जिम्मेवारी पाएको प्रतिपक्षीले नै संसद् अवरुद्ध गरिदिएपछि सरकारलाई पनि हाइसञ्चो त भएको छ, तर जनताका आम मुद्दा भने ओझेल परेका छन् । निरन्तर अवरोधका कारण आम जनताका जल्दाबल्दा विषयमा छलफल र नियमित कार्यसूचीमा संसद् प्रवेश गर्न सकेको छैन । शुक्रबार दिउँसो १ बजे सुरू भएको बैठकमा नेकपा एमाले सांसदहरूले अवरोध गरेपछि बैठक साउन २९ गते सोमबारसम्मका लागि स्थगित भएको हो ।

बैठक सुरू हुने वित्तिकै सभामुख देवराज घिमिरेले सांसद ज्वाला कुमारी साहलाई बोल्न समय दिएका थिए । उनी बोलिरहँदा एमाले सांसदहरू सिटबाट उठेर अवरोध जनाएका थिए । एमालेका सांसदहरू उठेर विरोधमा उत्रिएपछि सत्तापक्षका सांसदहरु पनि आफूले बोल्न पाउनुपर्ने र बैठकका कामकारवाही अघि बढाउन माग गर्दै सिटबाट उठेका थिए । सभामुख घिमिरेले बैठकका नियमित कामकारवाही अघि बढाउन सांसदसँग आग्रह गरेका थिए, तर पनि एमाले सांसदहरूले सुन तस्करी प्रकरणको अनुसन्धानका लागि छानबिन समितिको माग गर्दै विरोध जनाइरहे ।

एमाले सांसदहरू वेल घेराउ गर्न अघि बढेपछि मर्यादापालकहरूले रोकेका थिए । पर्यादापालकहरूले अघि बढ्न नदिएपछि एमाले सांसदहरूले भ्रष्टचारीलाई कारवाही गर, सुन तस्करीलाई कारबाही गर भन्दै नाराबाजी गरे । उनीहरूले आफ्नो अडान नछाडेपछि सभामुख घिमिरेले अवरोधका बीच सदन सुचारु गर्न नसक्ने भन्दै साउन २९ गते सोमबार दिउँसो १ बजेसम्मका लागि बैठक स्थगित गरेको जानकारी गराए थिए । एमाले सांसदहरूले राष्ट्रियसभा बैठक पनि अवरोध गरेका थिए । बैठकको प्रारम्भमा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले समसामयिक विषयमा कुरा राख्न दलीय आधारमा सांसदलाई समय दिए पनि एमाले सांसदहरुको अवरोधपछि बैठक स्थगित भएको हो । राष्ट्रियसभाको अर्को बैठक यही साउन ३१ गते १ बजे बस्नेछ । एमालेले साउन १० यता लगातार संसद् अवरुद्ध गर्दै आएको छ । साउन २ मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट क्विन्टलभन्दा बढी सुन राजश्व अनुसन्धान विभागले बरामद गरेको थियो । त्यसको छानबिन सुरुमा राजश्व अनुसन्धान विभाग गरेको थियो भने पछि नेपाल प्रहरीको राष्ट्रिय अनुसन्धान ब्यूरो (सीआईबी)ले गरिरहेको छ । एमालेले उक्त सुन तस्करीको छानबिन गर्नका लागि उच्चस्तरीय समिति गठन गर्न संसद् अवरोध गरेर दबाब दिइरहेको छ । एमालेले प्रधानमन्त्री र गृहमन्त्री नै सुन तस्करीमा संलग्न रहेको आशंका आफूलाई रहेको दाबी गर्दै आएको छ । सत्तापक्षका नेताहरुले भने सुन तस्करीमा राजस्व अनुसन्धान विभाग र प्रहरीले गरिरहेको अनुसन्धानलाई प्रभावित पार्न एमालेले उच्चस्तरीय छानबिन समितिको माग गरी संसद् अवरुद्ध गरिरहेको बताएका छन् । संसदीय छलफल र विधिको शासन बचाउने लोकतान्त्रिक प्रक्रियालाई विपक्षी दल आफैंले बन्द गरेर सरकारलाई बेपर्बाह हुन मार्गप्रशस्त गरिरहेको विश्लेषकहरु बताउँछन् ।

तानसेनमा लागुऔषधसहित एक जना पक्राउ

पाल्पा, साउन २६/जिल्लाको सदरमुकाम तानसेनमा लागुऔषधसहित एक जना पक्राउ परेका छन् । तानसेन नगरपालिका-२ नारायणस्थानस्थित एक घरमा डेरा गरी बस्दै आएका सर्लाहीको इश्वरपुर नगरपालिका-१२ स्थायी ठेगना बताउने २४ वर्षीय कमल कुमार खड्कालाई प्रहरी लागुऔषधसहित पक्राउ गरेको हो ।

खड्काले कोठाबाटै लागुऔषध लुकाई छिपाई बेचबिखन गर्दै आएको भन्ने गोप्पे सूचनाको आधारमा उनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । खड्काले ग्यास सिलिण्डरमाथि चामलको बोरामा कपडाभित्र लुकाई राखेको अवस्थामा प्रहरीले लागुऔषध फेला पारेको थियो । उनको कोठाबाट डाइजेपाम, फेनारगन र आइपीपीएल टालजेसिक लेखेको लागुऔष भेटिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । प्रहरीका अनुसार एम्पुल १/१ वटा गरी ३ वटा बनाई टेपले बाँधी राखेको अवस्थामा डाईजेपाम ३१ एम्पुल, फेनारगन ३१ एम्पुल र आइपीपीएल टालजेसिक ३१ एम्पुल गरी ९३ एम्पुल फेला परेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक वीरेन्द्र थापाले जनाकारी दिए । उनका अनुसार खाटमा लुकाई राखेको अवस्थामा प्रयोग गरेको जस्तो देखिने सिररिन्ज निडलसहितको १५ थान, निडल ११ थान र प्रयोग गरेको ८ थान एम्पुल समेत फेला परेको छ । लागुऔषधसहित खड्कालाई प्रहरीले नियन्त्रणमा लिई थप अनुसन्धान अगाडि बढाइएको जनाएको छ ।

बादर आतंक रोक्नेतर्फ गुल्मी काँग्रेसको चासो

गुल्मी (तम्घास), साउन २६/नेपाली काँग्रेस गुल्मीका सभापति खिलध्वज पन्थीले बैंठक हलमा प्रस्ताव गरेको एउटा एजेण्डा सुन्नासाथ केन्द्र, प्रदेश र जिल्लाका सयौं नेताहरुले तालि बजाए । बैंठक हलमा गाई गुई भयो, तर सहभागी सबैका अनुहारमा खुसी छायो । सबैले भने 'काँग्रेस बल्ल जनताका आवाज बोल्दै छ ।'

आखिर के थियो त त्यो प्रस्ताव ? सधै जनताले भोगी रहेको समस्या बादर आतंक नियन्त्रणलाई राज्यस्तरबाटै सोचिनुपर्ने माग नेपाली काँग्रेसको केन्द्रीय कार्यालयलाई अनुरोध गर्ने प्रस्ताव सहितको एजेण्डा बैंठकको 'हट केक' बन्यो । संसदीय अभ्यास गर्ने प्रणालीलाई अवलम्वन गर्दै आएको काँग्रेस गुल्मीको बैंठकको परम्परालाई चरितार्थ गर्दै पार्टीका सचिव भगतसिंह खड्काले बादर आतंक नियन्त्रण सम्बन्धी नीति निर्माणका लागि देशभरिबाटै केन्द्रलाई दवाब दिने कुराको अगुवाई गुल्मीले शुरु गर्नुपर्ने धारणा राखे । अर्का सचिव जगदीश भट्टराईले बादर आतंक जस्तै जिम्मेवार नेता र कार्यकर्ताहरुबाट सामाजिक सञ्जालको दुरुपयोग गर्ने कार्यलाई नेपाली काँग्रेसको विशेष आन्तरिक अभियान २०८० ले रोक्ने तर्फ सबैको ध्यान दिनु नितान्त आवश्यक भएको धारणा राखे ।

नेपाली काँग्रेस
विशेष आन्तरिक अभियानको
गुल्मी जिल्लामा शुभारम्भ

नेपाली काँग्रेसका युवा नेता महेन्द्र भण्डारीले पार्टीका हरेक गतिविधीहरु आम सर्वसाधारण जनताका समस्याहरु प्रति केन्द्रीत हुनुपर्ने धारणा व्यक्त गरे । कार्यक्रममा नेपाली काँग्रेसकी केन्द्रीय सदस्य गंगा केसीले विशेष अभियान पछि काँग्रेसका हरेक आन्तरिक क्रियाकलाप र संगठनका बाँकी काम पुरा हुने बताइन् । नेपाली काँग्रेसका केन्दीय सदस्य अब्दुल सतारले नेपाली काँग्रेस अब विगतलाई भजाएर खाने खालको राजनीति गर्ने भन्दा पनि वर्तमान मुलुकको आवश्यकता अनुरुप काम गर्नुपर्ने धारणा व्यक्त गरे । नेपाली काँग्रेसले गुल्मीले विहीबारदेखि विशेष आन्तरिक अभियान समेत सुरु गरेको छ । उसले केन्द्रीय समितिको परिपत्र अनुसार पार्टीका आन्तरिक कमीकमजोरी पत्ता लगाई त्यसको सुधार गर्दै पार्टीलाई एककाईसौ शताब्दीको गतिशिल, चलायमान, सवल एवं सक्षम बनाउने उद्देश्यले आन्तरिक अभियान सञ्चालन गरिएको जनाएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

सम्पादकीय

औपचारिकतामै सिमिति नहोस् युवा दिवस

अन्तर्राष्ट्रिय दिवस विश्वभर विभिन्न कार्यक्रम गरी मनाइदै छ । संयुक्त राष्ट्रसंघको आह्वानमा सन् २००० देखि विश्वभर युवा सम्बन्धी विभिन्न चेतनामूलक तथा मनोरञ्जनात्मक कार्यक्रमहरू गरी यो दिवस मनाउन थालिएको हो । राष्ट्र संघकै घोषणा अनुसार हरेक वर्षको १२ अगष्टलाई अन्तर्राष्ट्रिय युवा दिवसका रूपमा मनाउने गरिन्छ । नेपालमा पनि राष्ट्रिय युवा परिषद्ले दिवसका दिन विभिन्न नारा तय गरी कार्यक्रम गर्ने गर्दछ तर, दिवसका नाराहरू केवल उक्त दिनका लागि मात्रै बन्ने गरेका छन् । नाराको उद्देश्य र यसलाई सार्थकता प्रदान गर्ने कार्यक्रमहरू विरलै हुन्छन् । नारालाई लक्ष्यमा पुऱ्याउन वर्षभरिका लागि के, किन, कसले, कहिले, कहाँ, कसरी ? गर्ने भन्ने जवाफदेही र जिम्मेवारी तथा प्रगतिको अनुगमन, निरीक्षण र मूल्यांकनका स्पष्ट कार्ययोजनाको खाँचो पर्छ, तर त्यस्तो भएको पाइदैन । अहिले युवालाई आर्थिक, शारीरिक, मानसिक, सामाजिक सशक्तीकरण र स्वाभिमानी बनाउने खालका नीति तथा कार्यक्रमको पर्याप्तता र प्रभावकारिता खट्किएको छ । ऊर्जाशील युवाहरूको रोजगारीका लागि विदेशिने लर्को दिन–प्रतिदिन बढ्दो रहेको जगजाहेर नै छ ।

राष्ट्रको भविष्यका कर्णाधार वर्तमानका साझेदार तथा विकास र परिवर्तनका संवाहकको सामर्थ्य युवामा रहेको हुन्छ । राष्ट्र निर्माणमा सबै उमेर र अवस्थाका व्यक्तिहरुको भूमिका महत्वपूर्ण मानिने सन्दर्भमा युवाहरुको भूमिकालाई अझ अर्थपूर्ण र क्रियाशील रुपमा हेरिन्छ । युवालाई सिर्जनशील, सीपयुक्त, उद्यमी र जिम्मेवार नागरिकको रुपमा विकसित हुने अवसर सरकारले सिर्जना गर्नुपर्दछ । हरेक देशमा भएका आर्थिक, सामाजिक, राजनीतिक परिवर्तनमा युवा शक्तिको निर्णायक सहभागिताका कारण परिवर्तन सम्भव भएको हो । सरकारले निर्माण गर्ने कानुन, नीति एवं कार्यक्रममा युवा र उनीहरुका सरोकारका विषय सम्बोधन हुनुपर्दछ । उनीहरूलाई उचित शिक्षा दिक्षा, रोजगारको व्यवस्था गरी नेपालको शान्ति र समृद्धिमा सरिक गराउनु आजको आवश्यकता हो । यसो गर्न सके मात्र युवा दिवसले सार्थकता पाउँदछ । अन्यथा दिवस औपचारिकतामा मात्र सिमित बन्न पुग्दछ ।

Opinion @ Social Network

जीवन जिउन कठिन लाग्छ भने नि ! एकपटक गुलाफको फुललाई हेर
काँडै काँडाको बिचमा रहेर पनि फुलिरहेको हुन्छ ।
(प्रिया थापाको फेसबुक स्टाटस https://www.facebook.com/Priya.thapa)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

नवजनचेतना दैनिक
भगवतीटोल तानसेन, पाल्पा

भ्रष्टाचारप्रतिको दोहोरो मापदण्ड

श्रीमननारायण

> *भ्रष्टाचारप्रति सरकारको दोहोरो मापदण्ड हुनु हुँदैन । 'उसको दागभन्दा मेरो दाग राम्रो' भन्ने तर्कलाई सुशासनको प्रतीक मान्न सकिँदैन । इलेक्ट्रिक सिगरेट (भेप)भित्र लुकाएर ल्याइएको ८ करोड ५५ लाख बराबरको नौ किलो सुन तस्करी र बेचबिखन सञ्जालमा महरा बाबुछोरा पनि संलग्न रहेको प्रहरी प्रतिवेदनमै उल्लेख छ । भेपमा लुकाएर सुन ल्याउने चिनियाँ नागरिक लिहानसँग सम्बन्धमा रहेका महरा बाबुछोराले उनलाई सहयोग पुऱ्याउन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका भन्सार अधिकारीलाई पटक–पटक फोन गरेको पनि पुष्टि भइसकेको छ । प्रहरीले कल डिटेल रेकर्डबाट महरा बाबुछोरा र सञ्जालका अन्य सदस्यको सम्पर्कबारे प्रष्ट प्रतिवेदन लेख्दा पनि जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले बाबुछोराबाहेक अरू पाँचजनालाई मात्र अभियुक्त बनाएर मुद्दा दायर गरेको छ । यसै पनि क्विन्टल सुन तस्करी प्रकरणमा प्रहरी संगठनलाई पूरै उपेक्षा गरेर र ाजस्व अनुसन्धान विभागको मात्रै अनुसन्धान गरि रहेको छ । जबकि यो विशुद्ध राजस्व चुहावटको मामिलामात्रै होइन । संगठित अपराध, अन्तर देशीय अपराध, आतंकवादलगायत सवाल जोडिएको यो विषयमा अनुसन्धान गर्न प्रहरीको भूमिका स्वतः आकर्षित हुन्छ ।*

नक्कली भुटानी शरणार्थी प्रकरण र ललितानिवास प्रकरणमा केही उपल्ला व्यक्ति समातिँदा तथा यसमा सरकारले सक्रियता देखाउँदा वर्तमान सरकार भ्रष्टाचार न्यूनीकरणमा लागेको हो कि भन्ने जनविश्वास बढ्न थालेको थियो तर सुन प्रकरणमा माओवादी उपाध्यक्ष तथा पूर्वसभामुख र उनका छोरासमेतको संलग्नता प्रष्ट देखिँदा पनि उनीहरूमाथि थप अनुसन्धान अघि नबढाइनु दुर्भाग्यपूर्ण हो । यसले राज्य प्रशासनको निष्पक्षतामाथि प्रश्नचिह्न खडा गरेको छ साथै भ्रष्टाचारमा कसैलाई पनि नछाड्ने सरकारी प्रतिबद्धता माथि समेत प्रश्न उठाएको छ । एमालेले सुन काण्डमा माओवादी उपाध्यक्ष कृष्णबहादुर महरा र उनका छोराको संलग्नता रहेको बताइरहँदा माओवादीहरू भने झापाको गिरिबन्धु टी स्टेटको जग्गा काण्डमा मतियारको संलग्नता रहेको आरोप लगाउँदै आएका छन् । एमालेले उच्च स्तरीय राजनीतिक छानविन समिति बनाउनुपर्ने माग गरिरहँदा माओवादी नेताहरू अहिले यो आवश्यक नभएको भन्दै आफ्ना नेता बचाउन खोजिरहेका छन् । कोही सत्तासँग नजिक भएकै कारण पर्याप्त अनुसन्धान नै नगरी प्रश्नहरूलाई कार्पेटमुनि लुकाउने अधिकार कसैलाई पनि छैन ।

सूक्ष्म अनुसन्धानबाट यहीं कोही निर्दोष सावित हुन्छन् भन्ने तिनले ससम्मान आफ्नो पूर्ववत स्थानमा काबिल हुन पाउने छन् तर प्रत्येकको अग्निपरीक्षा लिनेले स्वयं पनि छानविनको कसीमा निष्पक्ष सावित हुनु आवश्यक छ । भ्रष्टाचारप्रति सरकारको दोहोरो मापदण्ड हुनु हुँदैन । 'उसको दागभन्दा मेरो दाग राम्रो' भन्ने तर्कलाई सुशासनको प्रतीक मान्न सकिँदैन । इलेक्ट्रिक सिगरेट (भेप)भित्र लुकाएर ल्याइएको ८ करोड ५५ लाख बराबरको नौ किलो सुन तस्करी र बेचबिखन सञ्जालमा महरा बाबुछोरा पनि संलग्न रहेको प्रहरी प्रतिवेदनमै उल्लेख छ । भेपमा लुकाएर सुन ल्याउने चिनियाँ नागरिक लिहानसँग सम्बन्धमा रहेका महरा बाबुछोराले उनलाई सहयोग पुऱ्याउन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका भन्सार अधिकारीलाई पटक-पटक फोन गरेको पनि पुष्टि भइसकेको छ । प्रहरीले कल डिटेल रेकर्डबाट महरा बाबुछोरा र सञ्जालका अन्य सदस्यको सम्पर्कबारे प्रष्ट प्रतिवेदन लेख्दा पनि जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले बाबुछोराबाहेक अरू पाँचजनालाई मात्र अभियुक्त बनाएर मुद्दा दायर गरेको छ । यसै पनि क्विन्टल सुन तस्करी प्रकरणमा प्रहरी संगठनलाई पूरै उपेक्षा गरेर राजस्व अनुसन्धान विभागको मात्रै अनुसन्धान गरिरहेको छ । जबकि यो विशुद्ध राजस्व चुहावटको मामिलामात्रै होइन । संगठित अपराध, अन्तरदेशीय अपराध, आतंकवादलगायत सवाल जोडिएको यो विषयमा अनुसन्धान गर्न प्रहरीको भूमिका स्वतः आकर्षित हुन्छ । राजस्व-भन्सार छलीको मामिला राजस्व अनुसन्धान गर्न प्रहरीको भूमिका स्वतः आकर्षित हुन्छ । आआफ्नो क्षेत्राधिकारका अनुसन्धानमा राजस्व र प्रहरी प्रशासनलाई अघि बढाउनुपर्छ । आपसी समन्वयमा आ-आफ्ना परिभाषित जिम्मेवारी पूरा गर्ने हो । तर, संगठित अपराध निवारण सम्बन्धी कानुन अनुसार प्रहरीले गर्न सक्ने अनुसन्धान छलेर राजस्व चुहावटसम्बन्धी लचकदार कानुन प्रयोग गरिएमा यसका दोषीले सुरुमै ठूलो राहत पाउनेछन् जसको परिकल्पना कानुनी शासनले गरेको छैन । कुनै पनि दोषीलाई उसको अपराधका आधारमा दण्डित गर्ने मनसाय हो भने यो अनुसन्धान प्रहरीलाई पन्छाउनु उचित होइन । यद्यपि अहिले आएर सरकारले सुन तस्करीको छानविनको अधिकार प्रहरीलाई नै दिएको छ र यसमा राजस्व अनुसन्धान विभागको सहमति पनि देखिएको छ ।

यस सम्बन्धमा नेकपा एमालेको भूमिका झन् आपत्तिजनक छ । नेकपा एमाले त सम्बन्धित संयन्त्रबाटै गहिरो अनुसन्धानको पक्षमा वकालत गर्नुभन्दा संसदीय वा न्यायिक समितिको माग गर्नु उत्तिकै आवश्चर्यजनक छ । सम्बन्धित सरकारी संयन्त्रले अनुसन्धानमा चासो नदेखाएमा वा अनुसन्धान तार्किक निष्कर्षमा पुऱ्याउन नखोजेमा संसदीय समितिले छानविन गरी निर्देशन दिन सक्दछ तर छानविन सही दिशामा बढिरहेको अवस्थामा यसलाई अर्को दिशामा मोड्न अथवा अनुसन्धानको गतिलाई कमजोर पार्न संसदीय छानविन समिति गठनको माग गर्ने काम भइरहेको छ । संसदीय समितिले न त कसैलाई पक्राउ गर्न सक्छ न त कसैमाथि अभियोजन नै गर्न सक्छ । अहिले भइरहेको छानविनको निष्कर्षमा त्रुटि देखिएमा अन्तिम अस्त्रको रूपमा संसदीय समितिको उपयोग हुनुपर्दछ । विपक्षीमाथि व्यंग्यपूर्ण आक्षेप लगाउनमा माहिर नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सरकार आफैं सुन तस्करीमा मुछिएको आरोप लगाएका छन् । मजदुरी गर्न विदेश गएका श्रमिकले १० वर्षपछि आमालाई ल्याइदिएको सिक्री एयरपोर्टमा समात्ने सरकारले एक क्वीन्टल सुन तस्करी रोक्न नसक्नुलाई सरकारको कमजोरी बताउँदै उच्चस्तरीय छानविन समितिको माग गरेका छन् । नक्कली भुटानी शरणार्थी प्रकरण र ललितानिवासको जग्गा प्रकरणमा आफ्ना नेताको नाम मुछिएका कारण अपेक्षाकृत नरम र संयमित हुन बाध्य नेकपा एमाले अहिले आएर सुन तस्करी प्रकरणमा आक्रामक हुन पुगेको छ । आक्रमणलाई नै आफ्नो बचाउको उपयुक्त अस्त्र ठान्ने काम एमालेले गरेको छ । वर्तमान सरकारका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले भ्रष्टाचारप्रति शून्य सहनशीलता देखाउने उद्घोष गरेका छन् तर यसको थालनी भने उनले आफ्नै स्तरबाट सुरु गर्नुपर्नेछ । मन्त्रिपरिषद्मा सामेल कुनै सदस्यमाथि भ्रष्टाचारको पुरानो आरोप लागेको छ भने पनि पहिला त्यस्ता अनुहारलाई मन्त्रीमण्डलबाट बाहिर निकाल्नु आवश्यक छ । आफ्नो दल नेकपा माओवादी केन्द्रका कुनै नेतामाथि भ्रष्टाचार अथवा अन्य आर्थिक अपराधमा सामेल भएको आरोप लागेको छ भने कारबाहीको प्रक्रिया थाल्नमा खुट्टा कमाउने काम गर्नु हुँदैन ।

व्यक्तिगत रूपमा हुने गरेका भ्रष्टाचारका घटनालाई छाडेर नीतिगत तहमा भए गरेका भ्रष्टाचारका घटनाका कारण पछिल्लो समय नेपालको राजनीति थप तरंगित बनेको छ । कानुन निर्माण गर्दा नै मन्त्रिपरिषद्द्वारा गरिने निर्णयलाई नीतिगत मान्दै त्यस्ता निर्णयउपर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्न नमिल्ने प्रावधान राखेर कार्यकारी प्रमुखलाई नै भ्रष्टाचार गर्ने बाटो खुला गरिएको छ । भ्रष्टाचारजन्य सबै खाले कार्य अथवा गतिविधि रोक्ने प्रमुख दायित्व प्रधानमन्त्रीको हो । तर, नीतिगत निर्णयउपर अख्तियारले कारबाही नगर्ने बाटोले नै जनविश्वासमा कमी ल्याएको छ । राजनीतिक दलहरूप्रति जनताको विश्वास कम हुँदै गएको छ । वर्तमान सरकारले मन्त्रिपरिषद्को निर्णयको छानविन गर्नबाट अख्तियारलाई वञ्चित गरिएको सम्बन्धी निर्णय खारेज हुनुपर्छ । राजनीतिक, प्रशासनिक, व्यापारिक र अन्तर्राष्ट्रिय गिरोहलाई कारबाहीको दायरामा ल्याउने प्रहरीबाहेकको अनुसन्धानको अर्थ रहँदैन । सुन तस्करीमा पक्राउ परेका चिनियाँमूलका बेल्जियम नागरिकले नेपालको नागरिकता कसरी हात पारे ? यो विषय पनि छानविनमा आउनुपर्छ । केही राजनीतिक व्यक्तिसँग उनको सम्पर्क रहेको कुरा छानविन भइसकेको छ । नेपाली व्यवसायीसित पनि तस्करको सम्बन्ध छ । सुन तस्करी घटनाको सत्य-तथ्य बाहिर आउनुपर्दछ । दोषीमाथि कारबाही हुनुपर्छ । ललितानिवासको प्रकरण चर्चामा आएपछि नक्कली भुटानी शरणार्थी प्रकरण बिर्सिदिने तथा सुन तस्करी प्रकरण चर्चमा आएपछि ललितानिवास प्रकरणलाई बिर्सिदिने काम हुनु हुँदैन । सरकारले भ्रष्टाचारको सवालमा दोहोरो मापदण्ड राख्नुहुँदैन । सरकारले अहिलेसम्म चारैतिरबाट प्रशंसा नै पाएको छ ।

-इहिमालय टाइम्स डटकम

महत्वपूर्ण टेलिफोन

प्रहरी कार्यालय
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
अस्पताल कार्यालय
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
एम्बुलेन्स न.
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

दैनिक राशिफल

मेष : न्यायिक कार्यमा सफलता मिल्नेछ । जोश जागर र हिम्मत वढ्नेछ ।
वृष : बिनाप्रतिस्पर्धा फाइदा हुने योग छ । पढाइ लेखाइमा प्रगति हुनेछ ।
मिथुन : न्यायिक कार्यमा सफलता मिल्ने छ । जोश जागर र हिम्मत वढ्नेछ ।
कर्कट : नयाँ वस्त्र तथा अलंकार प्राप्ति हुनेछ । मित्रबाट सहयोग मिल्नेछ ।
सिंह : सौन्दर्यतामा धन खर्च हुनेछ । प्रेममा मनमुटावपनि हुन सक्छ ।
कन्या : धन लाभ हुनेछ । शेयर बजारको कारोवार बढ्ने हुनेछ ।
तुला : धार्मिक कार्यमा रुचि बढ्नेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ ।
वृश्चिक : सफलता मिल्नेछ । मनोरञ्जनमा सहभागीता भइएला ।
धनु : योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला । घरायसी विवाद बढ्नेछ ।
मकर : बिनाप्रतिस्पर्धा फाइदा हुनेछ । पुनर्मिलनको योग रहेको छ ।
कुम्भ : दैनिक कार्यमा प्रगति हुनेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ ।
मीन : अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । कामको थालनी होला ।

साहित्य दर्पण

कथा

साइप्रस हुँदै युरोप पसेकी उजेली



> **उजेलीको उमेर त्यत्ति धेरै भएको छैन । पुग नपुग दुई दशक भएको छ उनको उमेर । स्कुले शिक्षा सकेर राम्रो उच्च शिक्षा हासिल गर्ने, विश्व विद्यालयको खोजी गर्ने उमेरमा आर्थिक अवस्थाले जर्जर भएपछि परदेशिएकी हुन् उजेली । बाको जिम्मेवारी माथि काँध थाप्न आयआर्जनका लागि रोजेको बाटो हो उजेलीको वैदेशिक रोजगार । त्यही सिलसिलामा आएकी हुन् उजेली साइप्रस । साइप्रसले बोलाएको थिएन उनीलाई । आफैँ आएकी हुन्, आफ्नै मर्जीले आएकी हुन् । आफ्नै पैसामा आफैँ लिलाम भएर आएकी हुन् ।**

अगस्ट चर्को घाम । गर्मी बढेर शरीरबाट पसिनाको मूल फुटेको छ । लगभग खाडी मुलुकको जत्तिकै गर्मी । मध्याह्नमा ४५ डिग्रीभन्दा माथि पुग्छ तापक्रम । ओलोम्पिया पर्वतको छायाले लिमासोया भिलेजलाई छपक्कै छोपेको छ । लिमासोया भिलेजको एउटा विशाल घरको बाल्कोनीमा बसेर उजेलीले भोगिसकेको छोटो जीवनबारे स्मरण गर्छे । अनि आफ्नै सपनाको लामो कथामा डुब्दैछ । बाल्कोनीबाट देखिने लेडी स्माइलबिच बैजनी रङमा परिणत हुँदै छ, डुब्दै गरेको सूर्यको मधुरो किरणको कारण । आफू बसेको ठाउँदेखि एक डेढ माइल टाढा रहेको सामुद्रिक बिचमा पर्यटक रमेको आकृति धमिलो देखिन्छ । आफूलाई पनि त्यही भिडमा मिसाउन पुग्छे, फगत कल्पनामा । आखिर अदृश्य फगत कल्पना र सपनामा जिउने भनेको हुँदा खाने वर्गको भागमा परेको व्यञ्जन हो । चौरासी व्यञ्जन जस्तै ।

उजेलीको उमेर त्यत्ति धेरै भएको छैन । पुग नपुग दुई दशक भएको छ उनको उमेर । स्कुले शिक्षा सकेर राम्रो उच्च शिक्षा हासिल गर्ने, विश्वविद्यालयको खोजी गर्ने उमेरमा आर्थिक अवस्थाले जर्जर भएपछि परदेशिएकी हुन् उजेली । बाको जिम्मेवारी माथि काँध थाप्न आयआर्जनका लागि रोजेको बाटो हो उजेलीको वैदेशिक रोजगार । त्यही सिलसिलामा आएकी हुन् उजेली साइप्रस । साइप्रसले बोलाएको थिएन उनीलाई । आफैँ आएकी हुन्, आफ्नै मर्जीले आएकी हुन् । आफ्नै पैसामा आफैँ लिलाम भएर आएकी हुन् । मान्छे बेच्ने सानदार अफिसहरूको सुन्दर अनि चिप्लो कुरा जान्ने मान्छेले दिलाएको नदेखेको विश्वासको फेरो समाएर आएकी हुन् उनी । अझ साइप्रसलाई मात्रै माध्यम बनाएर पठाएको छ । उता सम्पन्न शक्तिशाली युरोपेली मुलुक सजिलै जान पाउने । अनि जीवनलाई भने जस्तो बनाउने । पिआर लिने, बाआमा युरोप घुमाउने । आदि आदि विराट् सपनाहरू ! उता आफ्नो देशबाट निक्कै मिठो सपनाहरूको पोको बाँधेर आएकी थिइन् उजेली । साथमा आमाको माया, बाको दुखेसो । यता आइपुगेर यहाँको यथार्थसँग ठोक्किएर थाहा पाएको छ सत्यतथ्य । बिहान घामभन्दा अगाडि उठ्नु अनि घाम सुतिसकेपछि सुत्नु उनको दिनचर्या बनेको छ । उता आफ्नो मुलुकमा छँदा देखेको सम्भ्रान्त सपनाहरू प्रवासी पसिनासँगै बग्दै छ । गरुङ्गो र गाह्रो जिम्मेवारी त छँदै छ । साथसाथै जर्मनी र नर्वे पुग्ने सपना । आउँदा लागेको ऋणको छत्तिस प्रतिशत ब्याजको पिरलो । फेरि साइप्रसदेखि सम्पन्न युरोपेली मुलुक पुऱ्याउने एजेन्ट, एजेन्टलाई भुक्तानी गर्नु पर्ने रकमको जोहो । अल्लारे उमेरमा फक्रिँदै गरेको तन्नेरी इच्छा र चाहना । पूरा गर्न नसकेका थुप्रै काम गर्नुपर्ने छन् । यात्रा अज्ञात छ । कसरी कहिले पुग्ने हो सपनाको गन्तव्यमा । थाहा छैन उनी घिसार्दै छ जुनीलाई । आफ्नो हो भन्ने हक नभएको बिरानो मुलुकमा । नेपाल बसेर देखेको सपना । यहाँ आइपुगेर भोग्नुपरेको यथार्थ आकाश-जमिनको फरक छ । आफ्नो घरमा घाम कोठाभित्र झलमल्ल हुन्जेल नउठ्ने उनी अहिले घाम झुल्किँदा थुप्रै काम सकिसक्छिन् । उमेरले आफूभन्दा सानो भए पनि शारीरिक बनावटमा आफूभन्दा ठुला-ठुला हाकिमका छोराछोरीका लागि खाजा-खाना तयार पारेर दोस्रो लटको काममा सरिक हुन्छ ।

विवस छिन् उनी, सकी नसकी गर्नु परेको छ काम । बाआमा र परिवारको लाड प्यारमा हुर्केकी उनले थकाइ पनि बिर्सेकी छिन् । हिजो कापी र कलम च्यापेको हातमा मोप र आइरनसँग गहिरो प्रेम बसेको छ । अकस्मात् हुने सानातिना गल्तीमा नबुझ्ने भाषाको गाली खानु केही जस्तो लाग्दैन उनलाई । हन्डरको पहाड छिचोलेर पुग्नु छ उनलाई सपनाको सहरमा । ठुलो प्रयास र धैर्यतालाई अँगालेर आएको दुई वर्षमा आउँदा लागेको ऋण चुक्ता गरिन् । तर संघर्ष भने अझै जारी छ, साइप्रसबाट अब युरोप प्रवेश गर्नु छ । त्यही भएर मन, मुटु भएको मेसिन बनेर खट्छिन् उनी । खटाइको बदलामा आएको रकम जम्मा गरेर बुझाउँछन् एजेन्टलाई । नौलो सहरमा अपरिचित एजेन्टको विश्वासमा समर्पण गर्छिन् दुःख गरेर कमाएको रकम । एजेन्टले भने अनुसार साइप्रसबाट ग्रिसको यात्रा तय गर्छिन् । ग्रिसबाट इटाली हुँदै पोर्चुगललाई गन्तव्य बनाएर पठाउने निधो हुन्छ । यात्रा पक्कै सजिलो छैन । अवैधानिक भएर जाने हो । ठाउँ ठाउँमा जंगलको यात्रा हुन्छ भनेको छ एजेन्टले । उजेलीले जीवन जोखिममा राखेर यात्रा तय गर्दै छिन् । आकाश सफा देखिन्छ । कतै कतै सेतो बादलको बुट्टा हावासँगै बग्दै छन् । त्यही दिनलाई शुभ सम्झेर उजेली, इमर्जेन्सी नेपाल जान्छु भन्ने बहानालाई उता राम्रो देशको यात्रामा आफू सम्मिलित हुन्छ ।

साथमा केही थान डकुमेन्ट, यात्रामा चाहिने आवश्यकता अनुसारको सामग्री बोकेर पुग्छिन् एयरपोर्ट । अनि उड्छिन् । खुसी भएर गएकी छिन् उनी । आधा बाटोतिर पुग्यो भन्ने खबर पाएको छु । अझै केही दिनपछि आफ्नो गन्तव्यमा पुग्छिन् । अनि फेरि सुरु गर्छिन् रे ! नयाँ ठाउँमा नयाँ जिन्दगीको सुरुवात । मेरो धेरै शुभकामना छ उनलाई । उनको सफल सपनाहरूका लागि ।

-रातोपाटी डटकम

साथ प्रभुको पाउँदा



लालकाजी शाक्य

साथ प्रभुको पाउँदा, मिल्यो सकुन मनमा
शान्ति सुधा पिउँदा, छायो कान्ति तनमा...साथ....

भोलिको चिन्ता किन न लियौ डर कालको
जहाँ जाउँ पाउँछौ भरोसा जीवन भरको
दुनियाँ, हाँसी हाँसी फिजाउ, ज्ञानको यो लहर...साथ...

पापी पथिकको यो कस्तो जलन पीडा
देउ छहारी तरुको, सुख शान्ति अनि शित्तलता
थियो जीवन अँधेरी पथमा, पाएँ ज्ञानको प्रकाश...साथ...

जीवनमा उल्झन किन, न गर्छौ सबमा मिलन
बिछोड हुन्छ एकदिन, रुवाई जग छाडी तन
अविनाशी धर्म हो यो, गरौं हाँसी पुण्य कर्म...साथ...

(नवपुस्ता/अनुभूति) **अमृत शर्मा**

भेनिला आइसक्रिम

भैरहवा, बुद्ध चोकको केही तल, मूल सडकको बायाँतर्फ, एक भव्य भवन छ । कम्युनिस्टहरूका शब्दहरूमा पुँजीपतिहरूका विलासिताको परिपूरक ! मानौँ गाँठवाला भेट हुने एक मन्दिर ! टिलिक्क बत्तीमा सजिने सयौँ ठूलासाना सामाग्रीको घर । उही आफ्नो साम्राज्य विस्तारमा केन्द्रीकृत र धेरै हदसम्म सफल, गुरुङजीको भाटभटेनी ! ली (LEE) नामक एक अनौठो कृषि कार्यक्रमले जुराएको संयोग, म जेठको गर्मीमा भैरहवा सयर गर्दै छु । यो माटोमा यति धेरै पसिना बगाएँ, मानौँ एउटा ड्याममा खन्याएर हुत्त टर्वाइनको ढोका खोले एक मेगावाट बिजुली निस्किन्छ । तर भन्नुपर्ने कुरो अर्कै छ ! एक दुई दिनको अन्तरालमा म घडीको सुई चार आसपास हुँदा अफिसबाट फुत्त निस्किन्छु । चितवनबाट दुःखसाथ ट्याक्सीमा चढाएर ल्याएको जि.टी.एस. ब्रान्डको मनाङ साइकल अनलक गर्छु । चार वर्ष भयो, उस्तै छ । सायद म चढ्दा खुसी पनि हुँदो हो । निकै प्यारो छ । हरियो र कालो रङ्ग पोतिएको । कहिलेकाहीँ मानव आकृति देख्छु उसमा । ममताले मुसार्छु । यसो पानीका फोहोरा छर्किदिन्छु । सुकेपछि एकदम हाँसेको देखिन्छ । म पनि प्रफुल्लित मुद्रामा पेडल दबाउँछु ।

आज पनि साइकल सयर गरेर भाटभटेनी पुगेँ । बयालिस डिग्रीको घाम सहँदै त्यहाँ पुग्दा शीतलताले मन रोमाञ्चित हुन्छ, मानौँ कोही प्रेमिकाको पर्खाइमा छु । ऊ दूरबाट समीप आउँदै छे, यस्तै केही । रामपुरमा साइकल गुडाउँदा अर्कै माहौल हुन्थ्यो । सबैजसो चिनजानेका । नामले बोलाउँथे । कसैले नाममा सम्बोधनार्थी शब्द जोड्थे । म देब्रे हात उठाएर उनीहरूलाई जवाफ फर्काउँथे । उन्मुक्त हाँसोको गुञ्जायस हुन्थ्यो । उसो त, कोही राम्री युवती देख्दा बडो संयमित एवम् करुणा भावले साइकल चलाउँथेँ, मानौँ उसका आँखा मेरो साइकलका पाङ्ग्रामा गढेका छन् । सायद सुन्दर युवतीका अगाडी संयमित हुनु, उसको सुन्दरताको कदर हो । ताडका रूख आडमा, देब्रे हातले झ्याप्प ब्रेक लगाएर, ट्याक्क साइकल अड्याउन खुब मजा लाग्थ्यो । कुनै दक्षिण भारतीय फिल्मी हिरो झैँ । म पुलकित हुन्थेँ । ताडका रूख आसपास, केन्द्रीय पुस्तकालय सम्मुख, कङ्क्रिटका कुर्सीमा बसेका युवतीहरू तर्फ ध्यान आकृष्ट हुन्थ्यो । कवि मन र हाइकुको सोख, फूलहरू त देखेको थिएँ । तर खुल्ला चौरमा त्यसरी विस्तारित रङ्गमा युवतीहरू पहिलो पटक देखेको थिएँ । एकदम फूलहरूझैँ लाग्दथे ती । म सुलुत्त परेर साइकलबाट ओर्लन्थेँ र सिधा पुस्तकालयको कुनै कुनामा हराउँथे । केही विशेष खोजमा हुन्थेँ, सायद । धुलोले पुरिएका पुराना पुस्तकहरूबिच मेरा केही औँठाका छापहरू भेटिएलान् । अझै म खास विषयमा प्रवेश गर्न सकिरहेको छैन । धेरै समयपश्चात् शब्द जोड्नुको पिडा हो जस्तो लाग्छ, सबै मनोभाव एकै वाक्य वा एक परिच्छेदमा उतार्ने दुस्साहस गर्नु । म यसै शीतलतामा सुस्ताइरहेको थिएँ । दिउँसो साढे चार सम्म पनि प्रचण्ड गर्मी व्याप्त थियो । केही किनमेल पश्चात्, गोजीमा बाँकी हरियो नोट तेर्स्याउँदै, मैले भाटभटेनी बाहिर, आइसक्रिम स्टलमा बसेकी, एक युवतीलाई भनेको थिएँ, “वन बटर स्कच प्लिज ।” उनले फिर्ता गरेको चिट लिएर एक एन.डिज.को आइसक्रिम पाएको थिएँ । क्या अनुभूति थियो ! मन्द बतासमा सेलाउँदै गएको आकाश र चिसो बटर स्कच । केही समयपश्चात् अनायासै शरीर केही फुर्तिलो भयो । झोलाबाट अस्तित्ववादी दर्शनमा आधारित एक पुस्तक झिकेँ । बुक मार्क गरेको पृष्ठ खोलेर, मेरा प्रिय फ्रेन्च लेखक एल्बर्ट कामुलाई अध्ययन गर्न थालेँ । व्यस्त भाटभटेनीमा सबैजसो वर्गका मानिसको ओहोरदोहोर देखिन्थ्यो । धेरै मानिसहरूको आवागमन भयो । धेरै उसै गरी बाहिरिए । मलाई भने कामुले एकै ठाउँमा अड्याइरहे । मेरो ध्यान भङ्ग त्यस बेला भयो, जब तीन नवयुवक म बसेको कुर्सी सामुन्ने गफिन थाले । अस्तित्ववादको नसाले छोएको बखत अक्सर साना लाग्ने विषयमा पनि महानताको आभास हुन्छ । म अनौठो मानी उनीहरूका कुरा सुन्दै थिएँ । उनीहरू घर, सम्बन्ध, नाता, पैसा आदिबारे गफिन्थे । म मनोवैज्ञानिक अस्तित्ववादी चेतले उनीहरूको अवस्थाको आन्तरिक विश्लेषण गर्थें । गोजी खाली भएकाले म कोठासम्म पुगी, कार्ड टिपेर, ए.टी.एम. तर्फ लाग्ने सोच्दै थिएँ । त्यहाँको शीतलतालाई लत्त्याएर, घामलाई मुख देखाउने इच्छा पनि थिएन । केही बेर अझै त्यहाँ बस्ने मन भयो । बसेँ । मानिसहरू उसै गरी ओहोरदोहोर गर्दै थिए । यत्तिकैमा एक बालक मेरो कुर्सीका सामुन्ने बस्यो । मैलै उसलाई पनि गहिरो गरी नियाँले । फिक्का हाँसो हाँस्ने उसको सुक्का मुहारमा अभावका धर्साहरू पोतिएको प्रतीत हुन्थ्यो । सायद केही माग्न चाहन्थ्यो ऊ । सम्भवतः पैसा वा खाना । वरिपरि नजर डुलाइरह्यो । संसारमा चाहना विपरीत फालिएको वस्तु झैँ, लाग्थ्यो ऊ हाइडिगरको “डेसिन” अवस्थाको पर्याय हो । एकदम एक्लो देखिन्थ्यो, मानौँ उसलाई कसैले छोएको छैन, हेरेको छैन । सायद हेरेर पनि देखेको छैन । उसको मुहारमा मैले हार देखेँ, विवशता देखेँ, अन्योलता देखेँ, वियोग देखेँ । तर यस्तो लाग्थ्यो, उसले संसार बुझेको छ । मानिसको खोक्रोपन देखेको छ । बाहिरी आवरण च्यातेर भित्री तहसम्म हेर्न सक्छ ।

बेलाबखत मतर्फ फर्कँदा यस्तो लाग्थ्यो, ऊ गिज्याइरहेछ मेरो नयाँ पहिरनलाई । उसको उपस्थिति नै एक भयङ्कर प्रश्न थियो, समाज शास्त्रीय चेतबाट । सोचेँ, एक छिपछिपे चिन्तक त म पनि हुँ । मलाई हीनताबोध भयो । साहस जुटाएर मागिहाल्यो भने, मैले उसलाई के दिऊँ । गोजीमा बाँकी नोट हेरेँ । दश-बिसका दुई नोट रहेछन् । म अलिक आश्वस्त भए । तर मागेन भने, म के यत्तिकै निस्कूँ ? अप्ठ्यारो मनोभावमा जकडिएको अनुभूत भयो । अवाक् शान्त बालकलाई हातमा दश-बिसका नोट थमाएर हिँड्नु कति शोभनीय होला ? मनमा तर्कहरूको द्वन्द्व चल्यो । महान् विचारक मार्क्स देखि पुराना सुकरात एवम् रसेलका वाणीहरू मस्तिष्कमा दगुरे । केही दर्शनको सहाराले मन शान्त गर्ने प्रयत्न थियो । यत्तिकैमा मेरो कुर्सी छेउका युवकहरू चकलेट एवम् भेनिला आइसक्रिममा रमाइरहेको देखेँ । सानो बालकले उनीहरूले खाएको छड्के परेर हेर्थ्यो । उसको हेराइलाई सहज मानेर खाने अवस्था थिएन । यद्यपि उसले हेरि मात्र रह्यो । बोली फुटाएन । मलाई असहज लाग्यो । ग्लानि भावले गाँजेझैँ, म रन्थनिएँ । मन थियो गोजीबाट केही रुपैयाँ निकालेर उसलाई पनि एक आइसक्रिम दिलाऊँ । मनमनै एउटा आदर्शको धरहरा खडा भयो । एक क्षणमा जब रित्तो गोजी मेरो कल्पनामा आयो, तब तारबारले सुसज्जित, मेरो काल्पनिक धरहरा गल्यामगुर्लुम ढल्यो । यस्तो लाग्यो, म पनि अहिले ऊ जत्तिकै रित्तो छु । मन शून्य भयो । तीन युवाहरूमध्ये एक अलिक उन्मत्त एवम् रवाफिलो देखिन्थ्यो । “कागज खाने हो ?”, हातको टिस्यु बालकतर्फ सोझ्यायो । मलाई असह्य पीडा बोध भयो । मस्तिष्कको कुनै कुनामा आगो सल्केझैँ, मैले निभाउने प्रयास गरिन । उन्मत्त केटालाई मनमनै गाली गरेँ । एकदम अशोभनीय लाग्यो । बालक उनीहरूले खाएको हेर्दै बस्यो । म ई-सेवा मार्फत एक आइसक्रिम बालकलाई दिलाउने सोच्दै थिएँ । तर तीन युवाका अगाडी त्यसो गर्न असहज भइरहेको थियो । अनौठो त्यति बेला लाग्यो, जब सोही युवाहरूमध्ये, छेउपट्टिको झट्ट उठ्यो, बालकलाई हेऱ्यो र भन्यो, “ल हिँड !” बालक छोटा छोटा पाइला सार्दै केटालाई पछ्याइरह्यो । बाँकी दुवै केटाहरू मुखामुख गरे तर केही बोलेनन् । त्यहाँ केही अकल्पनीय कार्य भएझैँ उनीहरू असहज मुद्रामा बसे । एकै छिनमा तेस्रो केटो बालकलाई अघि लगाउँदै फर्कियो । अभिभावकत्व ग्रहण गरेझैँ, उसको मुहार चम्किलो थियो । मैले उसको मुहार सम्झने प्रयास गरेँ । मनमनै धन्यवाद दिएँ । केटोले निस्फिक्री हाँसो हाँस्यो र पुनः वार्तालापतर्फ लाग्यो । मैले उसमा जेन आत्मा भेटेँ । ऊ साधारण थियो । उसका कार्यहरू निर्बाध थिए । सायद उक्त घटनाका साक्षीहरूलाई केही असल ज्ञान प्राप्त भयो । लाग्यो, एउटा काव्य विमोचन भयो । जसको कवि सोही युवक थियो । बालकले निकै अनुग्राही मुद्रामा भेनिला आइसक्रिम खान थाल्यो । निकै रोचक दृश्य थियो, मेरा लागि । फोन छड्के बनाएर बालकको फोटो कैद गरेँ । सहयोगी युवाको भने खिच्ने अवसर मिलेन । हतार भएकाले, अन्तिमपल्ट बालक र उक्त युवाको मुहार हेरी साइकल स्टलतिर लागेँ ।

-साहित्यपोष्ट डटकम

बालमन्दिरका बालबालिकालाई खेलकुद तथा शैक्षिक सामग्री

पाल्पा, साउन २६/लायन्स क्लव अफ पाल्पा विपनाले तानसेनस्थित बालमन्दिर प्राविका बालबालिकाहरुलाई खेलकुद तथा शैक्षिक सामग्री सहयोग गरेको छ । सेवा गर्ने उद्देश्य २०१९ जुलाई १४ मा स्थापना भएको क्लवले शुक्रबार एक औपचारिक कार्यक्रमका बिच सामग्री हस्तान्तरण गरेको हो ।

क्लवले बालबालिकाहरुका लागि ५ थान क्यारामबोर्ड, १८ थान साना ठूला बल, ४ थान लुडो, ३ जोड ब्याडमिण्टन, १२ वटा रिङ, ६ थान स्पिकीङ लगायतका सामग्री हस्तान्तरण गरेको थियो । उक्त सामग्री गेटको एफडब्ल्युसिका कोडिनेटर सुशिल प्रधान, क्लवका चार्ट प्रिजेन्ट तथा लायन्स क्लव अफ इन्टरनेश्नल डिष्ट्रिक ३२५ पी एरिया २ का एरिया चिफ भीमबहादुर श्रेष्ठ, क्लवका अध्यक्ष गणेशबहादुर जिसी लगायतले विद्यालयकी प्राधानध्यापक पार्वती पौड्याललाई हस्तान्तरण गरेका हुन् । यस्तै सोही अवसरमा क्लवका चार्ट प्रिजेन्ट भीमबहादुर श्रेष्ठले आफ्नी स्वर्गीय छोरीको सम्झनामा उनको जन्म दिनकै दिन विद्यालयका बालबालिकाहरुलाई खाजा र तीन थान पंखा समेत सहयोग गरेका थिए ।

कार्यक्रममा गट टिमको एफडब्लुसिका कोडिनेटर सुशिल प्रधानले क्लवले बालबालिकाहरुलाई खेलकुद र शैक्षिक सामग्री सहयोग गरेर प्रशंसनिय काम गरेको बताए । उनले बालबालिकाहरुको शिक्षामा सहयोगले थोरै भए पनि राहत मिल्नेमा विश्वास व्यक्त गरे । ‘हामीहरु सेवा गर्छौं भन्ने भावनाले क्लव स्थापना भएको हो । सोही अनुसार हामी सेवामा समर्पीत भएका छौं’ क्लवका चार्ट प्रिजेन्ट भीमबहादुर श्रेष्ठले भने । उनले विद्यालयमा खेलकुद तथा शैक्षिक सामाग्री अभाव रहेको भन्ने जानकारी पाएपछि आफुहरुले थोरै भए पनि सहयोग होस् भन्ने उद्देश्यले सामग्री सहयोग गरेको बताए । विद्यालयकी प्राधानध्यापक पार्वती पौड्यालले क्लवले बालबालिकाहरुप्रति देखाएको सहयोग र सद्भाव अनुकरणीय रहेको भन्दै क्लवलाई हार्दिक आभार व्यक्त गरिन् । कार्यक्रममा डिष्ट्रिक अनररी एडभाइजर बुद्धिप्रसाद शर्मा, डिष्ट्रिक डिपुटी चिफ सकुन्तला बज्राचार्य लगायतले आ-आफ्ना धारणा राखेका थिए । क्लवका अध्यक्ष ला. गणेशबहादुर जिसीको अध्यक्षता, संस्थापक सदस्य ला.सुशिल नेपालको स्वागत, प्रथम उपाध्यक्ष ला.बाबुराम ज्ञवालीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

बालमन्दिर प्राविमा बाल कक्षादेखि तीन कक्षासम्म पढाई हुँदै आएको छ । अहिले विद्यालयमा एक सय ४० बालबालिकाहरु अध्ययन गर्दै आएका छन् । यहाँ पारिवारिक वातावरणमा महिला शिक्षकहरुले सिकाउँदै आएका छन् ।

खेलकुद समाचार

जापानलाई हराउँदै स्वीडेन सेमिफाइनलमा

काठमाडौं, साउन २६/पूर्वविजेता जापानलाई हराउँदै स्वीडेन महिला विश्वकप फुटबलको सेमिफाइनलमा पुगेको छ । जापानलाई २-१ ले हराउँदै सेमिफाइनल पुगेको हो ।

३२ औं मिनेटमा अमान्दा इलिस्टेडको गोलबाट अग्रता लिएको स्वीडेनले ५१ औं मिनेटमा पेनाल्टीमार्फत अग्रता दोब्बर पारेको थियो । ५१ औं मिनेटमा भीएआरमा जापानकी नागानोले पेनाल्टी एरियामा ह्याण्ड गरेको देखिएपछि पाएको पेनाल्टीलाई फिलिप्पा एन्जेल्दाले सदुपयोग गरेकी थिइन् । तर जापानले पेनाल्टी पाए पनि त्यसमा रिको युकीले गोल गर्न सकिनन् ।

जापानले ७६ औं मिनेटमा पेनाल्टी पाएको थियो । खेल सकिन ३ मिनेट बाँकी छँदा होनोको हयासीले गोल गरे पनि त्यो गोलले जापानको हार टार्न सकेन ।

अर्थ/कर्पोरेट समाचार

गर्भवती र सुत्केरीलाई नि:शुल्क एम्बुलेन्स

गल्याङ, साउन २६/स्याङ्जाको चापकोट नगरपालिकामा गर्भवती र सुत्केरीलाई नि:शुल्क एम्बुलेन्स सेवा प्रदान गरिने भएको छ । नगरपालिकाले आफ्नो नगरभित्रका गर्भवती र सुत्केरीका लागि नि:शुल्क एम्बुलेन्स सेवा सञ्चालन गर्न लागेको नगर प्रमुख ईश्वर खाणले जानकारी दिए । उनले यही साउन ५ गतेको नगर कार्यपालिकाको बैठकले सम्भावित जोखिमबाट बचाउने उद्देश्य राखेर गर्भवती तथा सुत्केरीका लागि नि:शुल्क एम्बुलेन्स सेवा सञ्चालन गरिएको बताए ।

‘जिल्लामा गर्भवती तथा सुत्केरीमा जटिल प्रकृतिका समस्या देखिए उपयुक्त स्वास्थ्य संस्था तथा बर्थिङ सेन्टर छैन’, नगरप्रमुख खाणले भने, ‘गर्भवती तथा सुत्केरीलाई पाल्पा, पोखरा तथा बुटवल लैजानुपर्ने भएमा जो सुकैले नि:शुल्क एम्बुलेन्स सेवा प्रयोग गर्नसक्ने छन्, स्वास्थ्य संवेदनशील विषय भएका कारण सर्वसुलभ सेवा दिनु नगरपालिकाको उत्तरदायी हो, नगरपालिकाले नयाँ एम्बुलेन्स खरिद गरेसँगै यो कार्यक्रमलाई अगाडि बढाएको हौं ।’ नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख नवराज पौडेलले नि:शुल्क एम्बुलेन्स सेवा लिन अनिवार्य चापकोट नगर अस्पतालको सिफारिस आवश्यक पर्ने बताए । उनले चापकोटका बर्थिङ सेन्टरबाट सुत्केरी अन्यत्र पठाउनुपर्ने भएमा नगरपालिकाको एम्बुलेन्सले नि:शुल्क सेवा दिने बताए । पौडेलले निकट भविष्यमा चापकोटलाई पोषणमैत्री नगरपालिका बनाउने योजनासहित काम गरिरहेको बताए । हाल नगरपालिकाले नि:शुल्क क्याल्सियम वितरण, खोप, परिवार नियोजन लगायतका काम विशेष प्राथमिकताका साथ गरिरहेको पौडेलको भनाइ छ । नगरपालिकामा एम्बुलेन्स नहुँदा धेरै गर्भवती, सुत्केरी तथा बिरामीले समस्या भोग्नुपरेको पूर्ववडासदस्य पूर्णिमा परियारले बताइन् । उनले नगरपालिकाले नयाँ एम्बुलेन्स खरिद गरी सञ्चालनमा ल्याएपछि धेरैको अकालमा ज्यान जानबाट जोगिने बताइन् । नगरपालिकाले गर्भवती र सुत्केरीका लागि प्रदान गर्ने नि:शुल्क एम्बुलेन्स सेवाले आफूहरुलाई अत्यन्त खुसी बनाएको परियारको भनाइ छ । नगर उपप्रमुख इशा रानाले नगरपालिकाले दिएको नि:शुल्क एम्बुलेन्स सेवालाई भरपुर सदुयोग गरेर सम्भावित जोखिमबाट बच्न आग्रह गरिन् । उनले पालिकाभित्र रहेका हरेक गर्भवतीलाई नियमित जाँच र स्वास्थ्यकर्मीको परामर्शमा रहेर स्वस्थ बच्चा जन्माउन सुझाव दिइन् । घर परिवारका अन्य सदस्यले गर्भवती र सुत्केरीको विशेष हेरचाह गरेर असल अभिभावकको भुमिका निर्वाह गर्नुपर्नेमा जोड उनले दिइन् । *-रासस*

सहकारीका व्यवस्थापकहरु गम्भीर बन्नुपर्नेमा जोड

पाल्पा, साउन २६/सहकारी तथा वित्तिय संस्थाका व्यवस्थापकहरु गम्भीर बन्नुपर्नेमा कार्यक्रमका सहभागीहरुले जोड दिएका छन् । जिल्ला सहकारी संघ पाल्पाले तानसेनमा जिल्ला भित्रका प्रारम्भिक सहकारी संस्थाका व्यवस्थापकहरुलाई संस्थाको सुशासन र सही व्यवस्थापनका लागि सञ्चालन गरेको अभिमूखीकरण कार्यक्रमका सहभागीहरुले यस्तो बताएका हुन् ।

पछिल्लो समय सहकारीहरुमा थुप्रै समस्या देखा पर्दै आएकाले व्यवस्थापकहरु बढी जिम्मेवार र गम्भीर बन्न आवश्यक रहेको सहभागीहरुले बताएका छन् । उनीहरुले व्यवस्थापक संवेदनशील र गम्भीर नबन्दा सहकारीहरुमा समस्या देखापरेको बताए । कार्यक्रममा प्रमुख अतिथि जिल्ला समन्वय पाल्पाका प्रमुख टंक खनालले सहकारी भित्र देखापरेका विभिन्न समस्याहरुको समाधानका लागि व्यवस्थापकहरु गम्भीर बन्नुपर्ने धारणा व्यक्त गरे । उनले यस्ता अभिमूकिकरण कार्यक्रमले व्यवस्थापकहरुलाई जिम्मेवार र गम्भीर बन्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । जिल्ला सहकारी संघका अध्यक्ष भूपति पाण्डेले सहकारी संस्थालाई कस्तो बनाउने भन्ने विषयमा सहकारीका व्यवस्थापकहरुको महत्वपूर्ण दायित्व हुने बताए । उनले सहकारी संस्थाहरुको आर्थिक, प्रशासनिक क्षेत्रमा सुधारका लागि व्यवस्थापकलाई दिइने अभिमुखीकरण कार्यक्रमले सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष जगदीश भट्टराईले यस्ता खालका अभिमूखिकरण कार्यक्रमबाट सहकारी संस्थामा आत्म अनुसशासनका साथै वित्तीय सुशासनको प्रत्याभूति हुने धारणा व्यक्त गरे । कार्यक्रममा पाल्पा क्षेत्र नं. १ र २ का ७० वटा सहकारीका व्यवस्थापकहरुलाई एक दिने अभिमूखिकरण कार्यक्रम सञ्चालन गरिएको हो । राष्ट्रिय सहकारी महासंघ केन्द्रका वरिष्ठ अधिकृत तेज प्रसाद गौतम, नेप्सुनका केन्द्रीय वरिष्ठ अधिकृत सूर्य तिमिल्सेना, जिल्ला बचत तथा ऋण संघ रुपन्देहीका व्यवस्थापक भूपराज भट्टराईले सहजिकरण गरेका थिए । जिल्ला सहकारी संघ पाल्पाका अध्यक्ष भूपति पाण्डेको सभापतित्व, सचिव कृष्ण भूषालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

मनको आवाज..............

‘नाम पनि यूनिक, काम पनि यूनिक’

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विर्घा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

कर्मचारी आवश्यकता सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८०/०४/२५)

कालीगण्डकी कृषि संस्था सञ्चालन नियमावली, २०८० बमोजिम यस गाउँपालिका अन्तर्गत अर्ध स्वायत्त निकायको रुपमा रहने कालीगण्डकी कृषि संस्थाका लागि तपसिल बमोजिमका कर्मचारी सेवा करारमा लिनुपर्ने भएको हुँदा निम्न योग्यता पुगेका ईच्छुक व्यक्तिहरुले आवश्यक कागजातहरुको १/१ प्रति प्रतिलिपि संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १५ (प्रन्ध) दिन भित्र यस कार्यालयमा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

क्र.सं.	विज्ञापन नं.	पद	तह	आवश्यक संख्या	कैफियत
१	३-०८०/०८१	कार्यकारी निर्देशक	छैटौं	१	

१. आवश्यक न्यूनतम योग्यता र अनुभव :
- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको ।
- कृषि क्षेत्र (उत्पादन वा बजारीकरण) मा कम्तिमा १ वर्षको अनुभव भएको ।

२. आवश्यक कागजातहरु : व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, न्यूनतम योग्यताको लब्धाङ्क र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, कार्यानुभवको प्रमाणपत्र, पासपोर्ट साइजको फोटो २ प्रति, कृषि संस्थाको व्यावसायिक योजनाका सम्बन्धमा प्रस्तावना-पत्र र कार्यकारी निर्देशकको रुपमा संस्थाको कार्य गर्ने सम्बन्धी व्यवस्थापकीय योजनाको प्रस्तावना-पत्र ।

३. उमेर : दरखास्त दिने अन्तिम मितिसम्ममा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको) ।

४. सेवा अवधि : सेवा करार मार्फत निर्धारण हुने ।

५. छनौटको किसिम :
- व्यावसायिक योजनाको प्रस्तावना-पत्र र व्यवस्थापकीय योजनाको प्रस्तावना-पत्रको प्रस्तुतीकरण (PPT Slide)
- अन्तर्वार्ता

६. दरखास्त दिने स्थान : कालीगण्डकी गाउँ कार्यपालिकाको कार्यालय, विर्घा, स्याङ्जा ।

७. दरखास्त दिने अन्तिम मिति : २०८०/०५/०६ गते कार्यालय समयभित्र

८. दरखास्त दस्तुर : रु.१०००।- (एक हजार रुपैयाँ)

९. सेवा सुविधा तथा अन्य : कालीगण्डकी कृषि संस्था सञ्चालन नियमावली, २०८० बमोजिम हुनेछ ।

(विस्तृत जानकारी प्राप्त गर्नको लागि कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।)

देवेन्द्र पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई